मधेश प्रदेश सरकार, मन्त्रिपरिषद्का निर्णयहरु
(२०८२ साल भदौ २५ पछिका मन्त्रिपरिषद्का निर्णयहरु)

म.प.बै.सं. ०४।०८२

संवत् २०८२ साल मंसिर ८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेशका निमित्त प्रदेश सचिव (एघारौ तह) श्री रंजित कुमार यादव(क.सं. न. २०५३५९) लाई पदाधिकार रहेकै निकाय र पदमा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, मधेश प्रदेशमा फिर्ता गर्ने।

२. उद्योग विभाग, मधेश प्रदेशका महानिर्देशक (एघारौं तह) श्री सुशिल कुमार साह तेली (क.सं.नं. १८२२३२) लाई अर्को व्यवस्था नभएसम्म खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेशको आर्थिक तथा प्रशासनिक अधिकार सहितको निमित्त प्रदेश सचिवको जिम्मेवारी तोक्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

**संवत् २०८२ साल मंसिर १५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेशका प्रदेश सचिव श्री जय कुमार घिमिरे (क.सं. न. ११५४५२) लाई अर्को व्यवस्था नभएसम्मका लागि आफ्नो साविकको जिम्मेवारीका अतिरिक्त मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासनिक तथा आर्थिक अधिकार सहित निमित्त प्रमुख सचिवको जिम्मेवारी प्रदान गर्ने।

२. सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ८५७, मिति २०८२/०७/२० को पत्रबाट नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०७/१७ को निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशमा कामकाज गर्न खटिनुभएका नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणीका श्री वीरेन्द्र कुमार मिश्र (क.स.नं. १९७९९५) लाई गृह, सञ्चार तथा कानुन मन्त्रालय, मधेश प्रदेशको प्रदेश सचिवको जिम्मेवारी तोक्ने।

३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशका प्रदेश सचिव श्री ओम प्रसाद अर्याल (क.सं.न. १८८४०४) लाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय(अतिरिक्त समूह) मा खटाउने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अतिरिक्त समूह) मा कार्यरत डा. प्रमोद कुमार यादव (क.सं.नं. १८२४२८) लाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा, मधेश प्रदेशको प्रदेश सचिवको जिम्मेवारी तोक्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

म.प.बै.सं. ०६।०८२

**संवत् २०८२ साल मंसिर १६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मधेस प्रदेशका सुख्खा तथा मन्था प्रकोपबाट प्रभावित किसानहरूलाई सम्बन्धित स्थानीय तह मार्फत क्षतिको विवरण संकलन तथा प्रमाणीकरण गराई मधेश प्रदेश सरकारको राहत प्रतिकठ्ठा रु. १,५००/- (एक हजार पाँच सय) का दरले स्थानीय तह मार्फत उपलब्ध गराउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कार्यविधि तयार गर्ने र सोका लागि आवश्यक बजेट अर्थ मन्त्रालयले व्यवस्थापन गर्ने।

२. मधेस प्रदेश भित्र स्थायी बसोबास भएका स्नातक तह उत्तीर्ण गरी बेरोजगार रहेका युवाहरूको विवरण स्थानीय तह मार्फत संकलन तथा प्रमाणीकरण गराई सम्बन्धित मन्त्रालयले तर्जुमा गर्ने कार्यविधि तथा मापदण्डका आधारमा प्रतिव्यक्ति मासिक रु. २,०००/- (दुई हजार) का दरले जीवन निर्वाह (बेरोजगार) भत्ता उपलब्ध गराउने ।

३. मधेस प्रदेशमा स्थायी बसोबास गर्ने दलित तथा मुस्लिम समुदायका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न स्नातकोत्तर (Masters) तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई सम्बन्धित मन्त्रालयले तर्जुमा गर्ने कार्यविधि तथा मापदण्डका आधारमा प्रति विद्यार्थी रु. १,००,०००/- (एक लाख) का दरले छात्रवृत्ति उपलब्ध गराउने।

४. मधेस प्रदेश लगायत देशैभरिका दलित तथा सीमान्तकृत समुदायले विशेष श्रद्धा र भक्तिका साथ मनाउने 'रवि दास जयन्ती' (माघ पूर्णिमा) को अवसरमा प्रदेशभित्र बसोबास गर्ने उक्त समुदायको सम्मान स्वरूप आउँदो माघ पूर्णिमा का दिन मधेस प्रदेशभर लागू हुने गरी सार्वजनिक बिदा दिने।

४ (ख). मधेस प्रदेशभित्र विगतमा सञ्चालनमा रही हाल विविध कारणले बन्द अवस्थामा रहेका उद्योग कलकारखानाहरूलाई पुनरुत्थान गरी प्रदेशमा रोजगारी अभिवृद्धि र आर्थिक गतिविधि चलायमान बनाउन आवश्यक पर्ने पुंजी व्यवस्थापनका लागि नेपाल सरकारसँग 'विशेष आर्थिक प्याकेज' उपलब्ध गराउन अनुरोध गर्ने।

५. कृषिजन्य सामग्रीहरूको मूल्यवृद्धि र महँगीका कारण किसानहरूको उत्पादन लागत अत्यधिक बढेको हुँदा किसानलाई कृषि पेशामा टिकाइराख्न र उचित प्रतिफल दिलाउन मधेस प्रदेश सरकारका तर्फबाट धानको न्यूनतम समर्थन मूल्य देहाय बमोजिम कायम गर्न नेपाल सरकार समक्ष अनुरोध गर्नेः

(क) मोटो धानः प्रति क्विन्टल रु. ४,०००/-

(ख) मध्यम धानः प्रति क्विन्टल रु. ४,२००/-

(ग) चैते धानः प्रति क्विन्टल रु. ३,०००/-

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

६. मदरसा शिक्षा बोर्ड सम्बन्धि विधेयक तर्जुमा गर्न शिक्षा तथा संस्कृति मन्त्रालय, मधेस प्रदेशलाई सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

म.प.बै.सं. ०७।०८२

## संवत् २०८२ साल मंसिर १७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र र संघीयता स्थापनाका लागि मधेश आन्दोलनमा सहादत प्राप्त गर्नुभएका शहीदहरूको ऐतिहासिक वलिदानको उच्च कदर स्वरूप राज्यका तर्फबाट प्रदान गरिने विशिष्ट सम्मानका रुपमा मधेश आन्दोलनका सम्पूर्ण ज्ञात शहीदहरूलाई प्रदेशको सर्वोच्च सम्मान 'मधेश रत्न' बाट मरणोपरान्त विभूषित गर्ने र सो प्रयोजनको लागि आवश्यक कार्यविधि, मापदण्ड र विभूषणको ढाँचा गृह, सञ्चार तथा कानून मन्त्रालय, मधेश प्रदेशले तर्जुमा गर्ने।

२. स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदान बाहेकका अन्य शीर्षकहरूको बजेट निकासा प्रयोजनार्थ तत्काल PLMBIS (प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली) फुकुवा(unlock) गर्न अर्थ मन्त्रालय, मधेश प्रदेशले आवश्यक व्यवस्था मिलाउने।

३. प्रदेश सरकारको बढ्दो प्रशासनिक व्ययभारलाई कटौती गरी सेवा प्रवाहलाई थप चुस्त, छरितो र प्रभावकारी बनाउन हाल कायम रहेको प्रदेश मन्त्रालयहरूको सङ्ख्यामा पुनरावलोकन गरी अधिकतम ९ (नौ) वटामा सीमित (कायम) गर्ने सम्बन्धमा कानुनी, प्राविधिक, सांगठनिक पक्ष तथा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० तथा संगठन संरचनामा गर्नुपर्ने आवश्यक हेरफेर समेतको विश्लेषण गरी १५ दिनभित्र मन्त्रिपरिषद्मा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको अध्ययन कार्यदल गठन गर्नेः

| | |
|---|---|
| (क) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – संयोजक |
| (ख) प्रदेश सचिव, अर्थ मन्त्रालय | – सदस्य |
| (ग) प्रदेश सचिव, गृह, सञ्चार तथा कानुन मन्त्रालय | – सदस्य |
| (घ) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिषरिषद्को कार्यालय, मधेश प्रदेश | – सदस्य-सचिव |

४. मधेश प्रदेश सरकारको आ.ब. २०८२/०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत रहेका रु. २५(पच्चीस) लाख भन्दा माथिका सबै योजना तथा कार्यक्रमहरु अनिवार्य रुपमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धामा आधारित रहेर खुला बोलपत्रबाट कार्यान्वयन गर्ने।

५. श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेशका प्रदेश सचिव श्री युवराज अधिकारी (क.सं.न. १४६२३२) लाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय(अतिरिक्त समूह) मा खटाउने।

म.प.बै.सं. ०८।०८२

संवत् २०८२ साल मंसिर २१ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मिति २०८२/०७/२३ देखि २०८२/०८/१७ गतेसम्मको अवधिमा बसेका मन्त्रिपरिषद् बैठकहरुबाट भएका सम्पूर्ण सरुवा, काज, जिम्मेवारी हेरफेर र थप जिम्मेवारी तोक्ने लगायतका सरुवा/काजसंग सम्बन्धित निर्णयहरू बदर गर्ने तथा मिति २०८२/०७/२३ मा गठित मन्त्रिपरिषद्को कार्यकालमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालयहरूबाट भएका कर्मचारीहरूको सरुवा, काज, जिम्मेवारी हेरफेर र थप जिम्मेवारी तोक्ने लगायतका सरुवा/काजसंग सम्बन्धित सम्पूर्ण निर्णयहरू बदर गर्ने।

२. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेशका प्रदेश सचिव श्री जय कुमार घिमिरे (क.सं. न. ११५४५२) लाई अर्को व्यवस्था नभएसम्मका लागि आफ्नो साविकको जिम्मेवारीका अतिरिक्त मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासनिक तथा आर्थिक अधिकार सहित निमित्त प्रमुख सचिवको जिम्मेवारी प्रदान गर्ने।

३. नागरिकको जीवन रक्षा राज्यको प्रमुख दायित्व रहेको तथ्यलाई मनन गर्दै, प्रदेश सरकारबाट कडा रोग (क्यान्सर, मिर्गौला, मुटु रोग आदि) का बिरामीहरूलाई प्रदान गरिँदै आएको औषधोपचार आर्थिक सहायता वितरण कार्यलाई निरन्तरता दिई तत्काल सुचारु गर्ने कार्य स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सुचारु गर्ने र सो प्रयोजनका लागि चालु आर्थिक वर्षमा विनियोजित रकम अपुग हुन गएमा आवश्यक पर्ने थप बजेट तथा स्रोतको व्यवस्थापन अर्थ मन्त्रालयले, मधेश प्रदेशले प्राथमिकताका साथ उपलब्ध गराउने।

४. मधेश प्रदेश बाढी, डुबान, आगलागी लगायतका विपद्को उच्च जोखिममा रहेको र हाल शीतलहर को मौसम समेत सुरु हुन लागेको सन्दर्भमा सम्भावित विपद्बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न विपद् पूर्वतयारी, खोज, उद्धार, राहत तथा पुनःस्थापना कार्यलाई थप चुस्त र प्रभावकारी बनाउन सुरक्षा निकाय, स्थानीय तह तथा सरोकारवालाहरूसँग आवश्यक समन्वय एवं सहजीकरणको कार्य गृह, सञ्चार तथा कानून मन्त्रालय, मधेश प्रदेशले तत्काल अगाडि बढाउने।

५. मधेश प्रदेश सरकारको अधिकार क्षेत्रभित्रका विषयहरूमा कार्य सम्पादनलाई थप प्रभावकारी, नतिजामुखी र जनउत्तरदायी बनाउन अपरिहार्य देखिएका तर तर्जुमा हुन बाँकी रहेका नयाँ कानूनहरू (ऐन/नियम) को मस्यौदा शीघ्र तयार गर्ने तथा विद्यमान कानूनहरूमा समयानुकूल सुधार गर्नुपर्ने भए सोको संशोधन प्रक्रिया समेत तत्काल प्रारम्भ गर्न स बैमन्त्रालय तथा निकायहरूले तदारुकताका साथ कार्य अगाडि बढाउने।

म.प.बै.सं. ०९।०८२

## संवत् २०८२ साल मंसिर २५ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. अर्थ मन्त्रालय, मधेश प्रदेशका प्रदेश सचिव श्री राम कुमार महतो ( क.सं.नं. १८१५५२) लाई मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सरुवा गर्ने र निजलाई प्रशासनिक तथा आर्थिक अधिकार सहित निमित्त प्रमुख सचिवको जिम्मेवारी प्रदान गर्ने । साथै अर्को व्यवस्था नभए सम्मका लागि अर्थ मन्त्रालय, मधेश प्रदेशको प्रदेश सचिवको समेत जिम्मेवारी प्रदान गर्ने ।